बैठक संख्या - ५३

आज मिति २०७६।८।२९ गते यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको ५३ औं बैठक बसि तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति:

| क.स. | नाम थर, पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा (अध्यक्ष) | |
| २ | श्री मिना कुमारी सोमै मगर (उपाध्यक्ष) | |
| ३ | श्री बसन्त बहादुर जि.सी. (वडा अध्यक्ष, २ नं. वडा) | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर (वडा अध्यक्ष, ४ नं. वडा) | |
| ५ | श्री भिम बहादुर मर्सागी मगर (वडा अध्यक्ष, ३ नं. वडा) | |
| ६ | श्री तुल बहादुर रोका मगर (वडा अध्यक्ष, ६ नं. वडा) | |
| ७ | श्री मुकुन्दराज शर्मा (वडा अध्यक्ष, १ नं. वडा) | |
| ८ | श्री सन्त बहादुर बराल मगर (वडा अध्यक्ष, ५ नं. वडा) | अनुपस्थित |
| ९ | श्री मोहम्मद हलिम हलुवाई (कार्यपालिका सदस्य) | |
| १० | श्री टंक प्रसाद सुनार (कार्यपालिका सदस्य) | अनुपस्थित |
| ११ | श्री सुशिला के.एम. (कार्यपालिका सदस्य) | |
| १२ | श्री चन्द्रिमा थापा मगर (कार्यपालिका सदस्य) | |
| १३ | श्री जिवा सुनार (कार्यपालिका सदस्य) | |
| १४ | श्री खिमा सुवेदी (कार्यपालिका सदस्य) | |
| १५ | श्री अमर बहादुर घर्ती (सचिव) | |

अन्य उपस्थिति:

| क.स. | नाम थर, पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री लक्ष्मण आचार्य (अधिकृत छैटौं) | |
| २ | श्री निर्मल पाण्डे (सह लेखापाल) | |
| ३ | श्री गोविन्द प्र. पोख्रेल | |

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्युठान
५ नं. प्रदेश, नेपाल

मिति २०७६।८।२९ कार्यपालिका बैठकमा प्रस्तुत प्रस्तावहरु

१) आर्थिक सहायता सम्बन्धमा ।

२) राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम सम्बन्धमा ।

३) बिशेष अनुदान कार्यक्रम सम्बन्धमा ।

४) योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

५) ईन्टरनेट जडान सम्बन्धमा ।

६) नमुना कानुन सुझाव कार्यदल सम्बन्धमा ।

७) प्रथम चौमासिक समिक्षा तथा सार्वजनिक सूनुवाई सम्वन्धमा ।

८) शैक्षिक गुणस्तर सुधार कार्यदल सम्बन्धमा ।

९) योजनाको डिपिआर गर्ने सम्वन्धमा ।

१०) महंगी भत्ता सम्बन्धमा ।

११) विभिन्न समिति पूर्नगठन सम्वन्धमा ।

१२) रानीकुवा योग तथा शान्तीपार्क योजना सम्वन्धमा

१३) ढुंगा निकासी सम्वन्धमा ।

१४) स्थानीय संग्राहलय सम्वन्धमा ।

१५) प्लास्टिक रहीत बस्ती कार्यक्रम सम्वन्धमा

१६) नगर प्रहरी जकेट सम्वन्धमा ।

१७) वास गणक सेवा सुविधा सम्वन्धमा।

१८) खानेपानी पाईप सम्वन्धमा ।

१९) बाटो मर्मत सम्वनधमा ।

२०) V-WASHCC को खातामा रहेको रकम सम्वन्धमा ।

२१) आवादीको जग्गामा रहेको नदिजन्य पदार्थ सम्वन्धमा ।

२२) बैठकका निर्णय अनुमोदन सम्बन्धमा ।

२३) सहकारमिा कृषि प्राविधिक परिचालन सम्वन्धमा ।

२४) जानकारी सम्वन्धमा ।

अर्जुन बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिकाको कार्यालय
प्रदेश, नेपाल
२०७३

मिति २०७६ मंसिर २९ गते गाउँपालिकाका अध्यक्ष श्री भग बहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा प्रस्तुत प्रस्तावहरु माथि छलफल गरी सर्वसहमती देहाय बमोजिमका निर्णयहरु गरीयो ।

**निर्णय नं. १: आर्थिक सहायता सम्बन्धमा ।**

देहायका संस्था र व्यक्तिलाई तपशिल बमोजिमको शिर्षकको निम्न बमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्र सं. | व्यक्ति, संस्थाको नाम र ठेगाना | रकम | रकम खर्च हुने शिर्षक |
|---|---|---|---|
| १ | हरीलाल नेपाली सरुमारानी ३ | १0000 | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| २ | इदम मिया सरुमारानी ३ | १0000 | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| ३ | सिरीकला सुनार सरुमारानी ३ | १0000 | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| ४ | कुलदीप दर्लामी सरुमारानी २ | १५000 | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| ५ | थम्मन बहादुर अछामी मगर सरुमारानी ५ | २0000 | दिर्घ रोगी तथा विपन्न नागरीक उपचार सहयोग |
| ६ | भविन्द्रा जैसी सरुमारानी २ | ५000 | विपन्न असाहय कोष |

**निर्णय नं २: राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम सम्बन्धमा**

राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम अर्न्तगत वडा नं १ र २ बाट सिफारिस भई आएका तपशिलका योजना तथा कार्यक्रमलाई राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिमा स्वीकृतको लागी पेश गर्ने निर्णय गरियो ।

**तपशिल**

**आ.ब. २०७६।०७७ को लागी**

**वडा नं २**

| सि. न. | वडा नं | योजना तथा कार्यक्रमको नाम | ईकाइ | लक्ष्य | अनुमानित बजेट | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २ | डाले घाँस वितरण | घरधुरी | ४५३ | ४५०००० | २३१५ | भिरालो जग्गा संरक्षण |
| २ | २ | जोगीढुंगा कुलो बाँध निर्माण | घरधुरी | २८ | २०००००० | १७६ | २३७ रोपनी जग्गा सिंचित हुने |
| ३ | २ | नर्सरी व्यवस्थापन | वटा | १ | ३००००० | | घास तथा फलफूल बेर्ना उत्पादन |
| ४ | २ | गनाहा खोला नदिनियन्त्रण | वटा | १ | ३०००००००० | १५६६ | खेतवारी कटान रोकथाम |
| ५ | २ | तल्लो ददेरी पहिरो नियन्त्रण | घरधुरी | २१ | ६००००० | १८० | पहिरोरोकथाम |
| ६ | २ | उपल्लोढाड पोखरी निर्माण | वटा | १ | १५००००० | ३३८ | पानीको मुहान रिचार्ज |
| ७ | २ | दर्भानखोला नदि नियन्त्रण | वटा | १ | २५०००० | ८१६ | खेतवारी कटान रोकथाम |
| ८ | २ | रानीवास वगर तटवन्धन | वटा | १ | २०००००००० | | सार्वजनिक जग्गा कटान नियन्त्रण |
| ९ | २ | सुकाखोला नदी नियन्त्रण | वटा | १ | ८००००० | १५० | मुहान संरक्षण |
| | | जम्मा | | | ५५९००००० | १५० | |

**वडा नं १**

| सि. न. | वडा नं | योजना तथा कार्यक्रमको नाम | ईकाइ | लक्ष्य | अनुमानित बजेट | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १ | भिलिवाङ्ग धाद्खोला तारजाली | थान | २०० | ६००००० | ३५० | भूक्षय रोकथाम |
| २ | १ | हडवडेखोला तारजाली | थान | १०० | ३००००० | २५० | " |

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | १ | कालीवनखोला तारजाली | थान | १०० | ३००००० | ३०० | ,, |
| ४ | १ | सिम्लेखोला तारजाली | थान | ५०० | १५००००० | ८५० | ,, |
| ५ | १ | सुकाखोला तारजाली | थान | २०० | ६००००० | ३१० | ,, |
| ६ | १ | मियाँटोल सिचाइं तारजाली | थान | २०० | ६००००० | ४०० | ,, |
| ७ | १ | वोदलेखोला तारजाली | थान | १०० | ३००००० | १५० | ,, |
| ८ | १ | ठुलो झाकि पोखरा पोखरी निर्माण | वटा | १ | २०००००० | ३१० | जलाधार सरक्षण,मुहान रिचार्ज |
| ९ | १ | झिलिवाङ्ग पोखरी निर्माण | वटा | १ | ५००००० | २५० | ,, |
| १० | १ | कालीवन पोखरी निर्माण | वटा | १ | ५००००० | ५०० | ,, |
| ११ | १ | सानो झाकि पोखरा पोखरी निर्माण | वटा | १ | १०००००० | ४०० | ,, |
| १२ | १ | आटीटार सिरान पोखरी निर्माण | वटा | १ | ५००००० | ३०० | ,, |
| | | जम्मा | | | ८७००००० | ४३७० | |

## आ.ब. २०७७।०७८ को लागी

### वडा नं १

| सि. न. | वडा नं | योजना तथा कार्यक्रमको नाम | ईकाइ | लक्ष्य | अनुमानित वजेट | लाभाव्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ताल हडवडखोला पक्की कुलो | वटा | १ | ४००००० | २०० | सिचाई र भुक्षय रोकथाम |
| २ | १ | धाद्द खोला पक्कीकुलो | वटा | १ | ४००००० | ३०० | ,, |
| ३ | १ | उपल्लो तिर्त्रीवाझो पक्की कुलो | वटा | १ | २००००० | १५० | ,, |
| ४ | १ | वोधने खोला उपल्लो कुलो | वटा | १ | ३००००० | १५१ | ,, |
| ५ | १ | वोधने खोला तल्लो कुलो | वटा | १ | ३००००० | १६० | ,, |
| ६ | १ | भतर्के कुलो | वटा | १ | २५०००० | १५० | ,, |
| ७ | १ | औलोनी तल्लो कुलो पक्का | वटा | १ | ८००००० | २०० | ,, |
| | | | | | २६५०००० | १३११ | |

### वडा नं २

| सि. न. | वडा नं १ | योजना तथा कार्यक्रमको नाम | ईकाइ | लक्ष्य | अनुमानित वजेट | लाभाव्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २ | गनाहा खोला नदिनियन्त्रण | वटा | १ | २००००००० | ज्ञघ्टट | खेतवारी कटान रोकथाम |
| २ | २ | उपल्लोढाइ पोखरी निर्माण | वटा | १ | १५००००० | घठ्ढ | पानीको मुहान रिचार्ज |
| ३ | २ | रानीवास वगर तटवन्धन | वटा | १ | २००००००० | | |
| | | जम्मा | | | ४१५००००० | | |

**निर्णय नं ३: विशेष अनुदान कार्यक्रम सम्बन्धमा ।**

आर्थिक मामिला तथा योजना मंत्रालय, प्रदेश नं ५बाट मिति २०७६।८।२४ गतेको पत्र एवं विशेष अनुदान कार्यविधि २०७६ बमोजिम यस गाउँपालिकाको तर्फबाट शैक्षिक योजना तथा गुणस्तर सुधार कार्यक्रमको लागी रु.३०,००,०००। को प्रस्ताव स्वीकृतको लागी पेश गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय न ४: योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको चालु आ.ब. २०७६।०७७ को बार्षिक स्वीकृत योजना तथा बजेट कार्यक्रममा निम्नानुसार संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.न. | स्वीकृत योजना तथा कार्यक्रम | स्वीकृत बजेट रु. | संशोधीत योजना तथा कार्यक्रमको नाम | संशोधित बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | शैक्षिक गुणस्तर सुधार कार्यक्रम(शिक्षा शिर्षक न ५ ) | १६00000 | कुडुले सिरुवारी मो.वा. निर्माण | ४00000 | |
| | | | हापुरवेशी छत्तिल दमार मो.वा. निर्माण | २00000 | |
| | | | बुढिचौर सिम्ले मो.वा. निर्माण | ४00000 | |
| | | | बहुउद्देश्यीय सभाहल फर्निचर व्यवस्थापन | २00000 | |
| | | | ददेरी सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माण | ३00000 | |
| | | | रत्ने राङ्वाङ्ग मो.वा. मर्मत | १00000 | |
| २ | श्रमरानी मा.वि. पर्खाल निर्माण (वडा नं ६) | २00000 | श्रमरानी मा.वि. फर्निचर निर्माण (वडा नं ६) | २00000 | |
| ३ | मिठिआप खानेपानी योजना वडा नं २ | २00000 | खानेपानी मोटर तथा पाईप खरिद वडा नं २ | २00000 | |
| ४ | दरर्भान ढल निकास वडा नं २ | २५0000 | दर्भान चोक भ्रो.पु ढल निकास | २५0000 | |

**निर्णय न ५: ईन्टरनेट जडान सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको कार्यालय र सवै वडा कार्यालयहरुमा इन्टरनेटले काम नगरेकोले फाईवर लाईन जडित ईन्टरनेट जडान गर्न चालु शिर्षक तर्फको संचार शिर्षकवाट रु. २,५0,000 खर्च गरी ईन्टरनेट जडान गर्ने निर्णय गरियो ।

**निर्णय न ६: नमुना कानुन सुझाव कार्यदल सम्बन्धमा ।**

नेपाल सरकारवाट स्थानीय तहको लागी उपलब्ध गराइएका नमुना कानुन ( गाउँपालिकाकाट स्वीकृत गरिएका बाहेक) तथा कार्यविधिहरु र अन्य कार्यविधिहरुको अध्ययन गरी गाउँपालिकालाई ४५ दिन भित्र सुझाव सल्लाह दिन तपशिल वमोजिमको अध्ययन तथा सुझाव कार्यदल गठन गर्ने निर्णय गरियो।

**तपशिल**

१. प्रमुख प्रशासकिय अधिकृत श्री अमर वहादुर घर्ती...... संयोजक
२. अधिकृत श्री लक्ष्मण आचार्य ( प्रशासन शाखा).......सदस्य
३. सूचना प्रविधि अधिकृत श्री शिव न्यौपाने................सदस्य

**निर्णय न. ७ प्रथम चौमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्वन्धमा ।**

यस गाउँपालिकाले चालु आ.ब. को प्रथम चौमासिक अवधिमा संचालन गरेका विकास कार्यक्रमहरुको प्रथम चौमासिक समिक्षा एवं सार्वजनिक सुनुवाई २०७६ पौष १५ गते भित्र गर्ने निर्णय गरियो ।

बहादुर विश्वकर्मा
गाउँपालिकाका अध्यक्ष

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं ८ शैक्षिक गुणस्तर कार्यदल सम्बन्धमा ।**

यस गाउँपालिका अर्न्तगतका विद्यालयहरुको नतिजा एवं शैक्षिक गुणस्तरमा उल्लेख्य सुधार गर्न थप के कस्ता प्रयास गर्न जरुरी छ भनी स्थलगतरुपमा अध्ययन गरी प्रतिवेदन पेश गर्न देहाय वमोजिमको ३ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरीयो ।

तपशिल

१. सामाजिक विकास समिति संयोजक श्री भिम बहादुर मर्साङ्गी ............संयोजक

२. सरस्वती मा.वि. बागेश्वालका प्र.अ. श्री निर्मल शर्मा ......................सदस्य

३. शिक्षा विकास श्रोत व्यक्ति श्री गोपाल जि.सी............................सदस्य सचिव

**निर्णय नं ९: योजनाहरुको डिपिआर निर्माण सम्वन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको चालु आ.व.मा स्वीकृत तपशिल वमोजिमका योजनाहरुको सोही योजनामा विनियोजन भएको रकमबाट निम्नानुसार बजेट खर्च गरी डिपिआर निर्माण गर्ने निर्णय गरियो ।

तपशिल

१. नर्सरी आटीटार साना किसान मो.वा.कालोपत्रे डिपिआर रु. ५०,०००

२. मझेनीगौडा बेसारपानी मो.वा.स्तरउन्नती डिपिआर रु. ७५,०००

३. स्वर्गद्वारी प्रवेशद्धार गेट गनाह हुँदै दाङ्ग जोडने मो.वा. डिपिआर. रु. ७५०००

**निर्णय न. १० महंगी भत्ता सम्बन्धमा ।**

सरुमारानी गाउँकार्यपालिकाको मिति २०७५।५।७ गतेको निर्णय नं १४ अनुसार महंगी भत्ता पाएका प्रशासन सहायकका कर्मचारीहरुलाई पनि चालु आ.व. मा पनि करार संम्झौतामा समावेश गरी नेपाल सरकारले उपलब्ध गराएको महंगी भत्ता आन्तरिक श्रोतबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न.११: बिभिन्न समिति पूर्नगठन सम्वन्धमा ।**

यस यस सरुमारानी गाउँपालिकावाट गठन गरिएका विभिन्न समितिहरु (युवा तथा खेलकुद विकास समिति, महिला विकास समिति, दलित उत्थान समिति, आदिवासी जनजाती उत्थान समिति, मुस्लीम उत्थान समितिहरु) को समयावधि समाप्त भएकोले उक्त समितिहरुको पूर्नगठन गर्ने र उक्त समितिहरुको कार्य विवरण परिमार्जन गर्ने निर्णय गरियो ।

**निर्णय न.१२ रानीकुवा योग तथा शान्तीपार्क निर्माण योजना सम्बन्धमा ।**

चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अर्न्तगत रानीकुवा योग तथा शान्तीपार्क योजनाको निर्माण कार्य गत वर्षको उपभोक्ता समिति पूर्नगठन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय न.१३: ढुंगा निकासी सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा नं २ स्थित विसेदी भन्ने ठाउमा रहेको निजि जग्गाहरु सम्माउने क्रममा उत्खनन गर्दा निस्किएका ढुंगाहरु अन्यत्र लैजानको लागी निकासी प्रकृया अगाडी बढाई पाउँ भनी पुरन चौधरीले दिएको निवेदन माथी छलफल गर्दा उक्त निजि जग्गाबाट उत्खलन भएको ढुंगा निकासीको लागी यस गाउँपालिकाको प्राविधिक टोलीबाट चेकजाच गरी ठहर भएको प्रतिवेदन अनुसारको परिमाणमा ५ नं प्रदेश सरकारकाट ढुंगा गिटि वालुवाको निकासी राजश्व दर अनुसार राजश्व लिई ढुंगा निकासीको लागी अनुमती दिने निर्णय गरियो ।

गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय न. १४ संग्राहलय निर्माण सम्बन्धमा ।**

चालु आ.ब. को स्वीकृत योजना तथा कार्यक्रम अर्न्तगत स्थानीय संग्रालय निर्माण योजना यस सरुमारानी गाउँपालिकाको वडा नं ४ स्थित रानी कुवा योंग तथा शान्तीपार्क निर्माण स्थल क्षेत्रमा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय न.१५ प्लास्टिक रहीत बस्ती कार्यक्रम सम्बन्धमा**

यस गाउँपालिकाको चालु आ.ब को स्वीकृत प्लास्टिक रहित वस्ती कार्यक्रम कार्यान्वयन गर्नका लागी प्रत्येक वडाले बस्ती छनौट गरी कार्यक्रम कार्यान्वयन गर्न प्रति वडा रु. ४५,००० का दरले विनियोजन गर्ने र बाकी रु. ३०,००० रकम गाउँपालिका स्तरिय कार्यक्रममा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय न.१६ नगर प्रहरी जकेट सम्बन्धमा**

यस सरुमारानी गाउँपालिकाबाट नियूक्त गरिएका नगर प्रहरीहरुले राती दिउसो डिउटी गर्न परेको अत्यधिक चिसो बढेको र नगर प्रहरीहरुको लागी उपलब्ध गराईएको सेवा सुविधा र पारिश्रमिक न्यून भएको र उपलब्ध गराईको पोशाक भत्ताबाट समेत नगर प्रहरी ड्रेस र जकेट समेत व्यवस्थापन गर्न कठिन भएको भनी गुनासो प्राप्त भएकोले चालु बजेट शिर्षकको उपयुक्त शिर्षकबाट खर्च गर्ने गरी प्रति नगर प्रहरी रु. ४,००० का दरले रु. २०,००० (४०००X५=२०००) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न ˙ १७ वास गणकको सेवा सुविधा सम्बन्धमा ।**

भौतिक विकास मंत्रालय प्रदेश नं ५ को प्राविधिक सहयोग र यस गाउँपालिकाको साझेदारी संझौता अनुसार वास योजना निर्माणको लागी तथ्यांक संकलनको लागी तथ्यांक संकलक( गणक) हरुलाई मासिक रु. २०,००० परिश्रमिक र मोवाईल डाटा खर्च वापत रु २००० प्रति गणक वास योजना निर्माण शिर्षकवाट र नपुग रकम V-WASHCC खाताबाट प्राप्त हुने रकमबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय न १८ खानेपानी पाईप सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा नं ५ को कुथुर्के मोटरवाटो निर्माण गर्दा यस वडाको हात्तिखालमा रहेको कुथुर्के वदरखोला खा.पा. योजनाको खानेपानी पाईप पूर्णरुपमा क्षती भएकोले दुई क्वाइंल पाइप माग भएकोले उक्त योजनाको लागी दुईक्वाईल ( ४० एमएमको ४०० मिटर) पाईप विपद ब्यबस्थापन कोषबाट खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. १९ बाटो मर्मत सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा नं ३ स्थित लेकवेशी सामुदायिक संस्था डाडाकटेरीको तर्फबाट उदिनढुंगा डाडाकटेरी कटौजे मर्मतको लागी बजेट माग भएकोमा उक्त मोटरवाटो मर्मतको लागी मर्मत संभारकोषबाट रु. ६०,००० विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय न. २० V-WASHCC खातामा रहेको रकम सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका भित्र पर्ने साविकका गाविसहरु ( हंशपुर, बागेशल, ढुंगेगढि ) मा सरसफाई क्षेत्रमा काम गर्ने भनी छुट्टाईएको रकम तत्कालिन V-WASHCC को खातामा रहेकोमा उक्त रकमलाई गाउपालिकाको सरसफाई क्षेत्रमा खर्च गर्ने गरी गाउँपालिकाको खातामा हस्तान्तर गर्ने र उक्त V-WASHCC खाताहरु बन्द गर्ने निर्णय गरियो ।

बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय न. २१ आवादीको जग्गामा रहेको नदिजन्य पदार्थ सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा नं २ गनाहा क्षेत्रमा आवादीको जग्गामा रहेको नदिजन्य पदार्थ उत्खनन एवं निकासीको लागी जग्गाधनीहरुबाट अनुमती माग भएकोमा देहाय बमोजिमको तिन सदस्य प्राविधिक समिति गठन गरी सो को प्रतिवेदन सहित जिल्ला अनुगमन तथा समन्वय समितिको सिफारिस आएमा आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**तपशिल**

१. ईन्जीनियर श्री नवराज पोख्रेल ..........सिचाई डिभिजन कार्यालय, प्यूठान संयोजक
२. सहायक वन अधिकृत श्री मणिराम खनाल.....वन डिभिजन कार्यालय, प्यूठान सदस्य
३ ईन्जीनियर श्री रवि कुमार राना .....सरुमारानी गाउँपालिकाको कार्यालय, प्यूठान सदस्य

**निर्णय न २२ बैठकका निर्णय अनुमोदन सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका स्तरिय खानेपानी, सरसफाई, तथा स्वच्छता समन्वय समितिको मिति २०७६ मसिर १७ गते बसेको बैठकको निर्णय नं १, २ र ३ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं २३ सहकारीमा कृषि प्राविधिक परिचालन सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको मिति २०७६।७।२९ गतेको कार्यपालिकाको निर्णय अनुसार किसानसंग गाउँसरकार कार्यक्रमवाट कृषि प्राविधिक सहकारी म्याचिङ रु १,००,००० अक्षरुपी रुपैयाँ एक लाख मात्र) विनियोजन भएकोमा उक्त कृषि प्राविधिक (जेटिए पद) छनौट लगायत परिचालन र व्यवस्थापन गर्न साना किसान कृषि सहकारी संस्था लि. सरुमारानी गाउँपालिका वडा न. २ बगैशालालाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं २४) जानकारी सम्बन्धमा ।**

मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम तर्फका योजना तथा कार्यक्रम र भवन तथा शहरी विकास डिभिजन कार्यालय दाङ्गवाट संचालित जनता आवास कार्यक्रमको विषयमा जानकारी गराईयो ।

खग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

०८/२०
अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति- २०७६।०८/२०

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान
५ नं. प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner